# प्रदेश नं ५ विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका,२०७५

**<u>प्रस्तावना:</u>**प्रदेशभित्र प्राकृतिक र गैरप्राकृतिक विपद्को जोखिम न्यूनीकरण गर्न तथा विपद्मा परेका सर्वसाधारणहरूको जीउ ज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम प्रदेश विपद् व्यवस्थापन कोषको प्रभावकारी संचालन गर्न आवश्यक भएकोले प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**<u>१.संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "प्रदेश नं. ५ विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरून्त लागू हुनेछ ।

**<u>२. परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा—

(क) "अनुगमन समिति" भन्नाले यस निर्देशिका बमोजिम गठित अनुगमन समिति सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई सम्झनुपर्छ।

(ग) "कोष" भन्नाले यस निर्देशिका बमोजिमको कोष सम्झनुपर्छ ।

(घ) "गैरप्राकतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनुपर्छ।

(ङ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

(च) “प्रारम्भिक पुनर्स्थापना” भन्नाले विपद् प्रभावित परिवारका व्यक्तिहरूलाई तत्कालका लागि आवश्यक आश्रम तथा दैनिक गुजाराका लागि बन्दोवस्ती भन्ने सम्झनुपर्छ । यो शब्दले पीडित व्यक्तिहरूलाई प्रदान गरिने स्वास्थ तथा मनोविमर्श सेवा समेत बुझाउनेछ ।

(छ) “पूर्व तयारी” भन्नाले विपद् आउनु पहिले संभाव्य जोखिमको आँकलन गरी त्यसबाट हुने क्षति न्यूनीकरण तथा प्रतिकार्यसँग सम्बन्धित आवश्यक तयारी भन्ने सम्झनुपर्छ। यो शब्दले आपत्कालीन अवस्थामा आवश्यक पर्ने खाद्य तथा गैरखाद्य सामग्री र खोज तथा उद्धारका लागि चाहिने सामग्री तथा उपकरणहरूको भण्डारण भन्ने समेत बुझाउने छ ।

(ज) “मन्त्रालय” भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

(झ) “राहत” भन्नाले प्रदेश सरकारले प्रदान गर्ने विपद् प्रभावित परिवारलाई उपलब्ध गराइने नगद वा जिन्सी लगायतका सेवा सुविधा सम्झनुपर्छ ।

(ञ) “विपद्” भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ।

(ट) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्नेसम्बन्धी कार्य सम्झनुपर्छ ।

(ठ) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् पूर्व तयारी,विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ ।

(ड) “सञ्चालक समिति” भन्नाले यो निर्देशिका बमोजिम गठित कोष संचालक समितिलाई सम्झनुपर्छ ।

(ढ) “समिति” भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १४ बमोजिम गठित प्रदेश विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ण) “संकटासन्नता” भन्नाले विपद्बाट सृजना हुने संकटको अवस्थालाई सम्झनुपर्छ ।

## परिच्छेद २

## प्रदेश विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्था

**३. प्रदेश विपद् व्यवस्थापन कोषको व्यवस्थाः** (१) विपद् व्यवस्थापनका लागि प्रदेश स्तरमा एक छुट्टै विपद् व्यवस्थापन कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्ः—

(क) विपद्बाट भएको क्षतिको राहत वितरणसम्बन्धी मापदण्ड,२०७४ बमोजिम स्थापित कोषको मौज्दात रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट प्राप्त रकम,

(घ) केन्द्रीय स्तरको विपद् व्यवस्थापन कोषबाट प्राप्त रकम,

(ङ) नेपाल सरकारबाट स्वीकृति लिई विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग वा अनुदान,

(च) विभिन्न व्यावसायिक प्रतिष्ठान वा सार्वजनिक संस्थाले उपलब्ध गराउने रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**४. कोषको सञ्चालनः** (१) कोषको सञ्चालन देहाय बमोजिम हुनेछ ।

(क) कोषमा रहेको रकम प्रयोग गर्दा विपद् पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण रप्रारम्भिक पुनर्स्थापनाको लागि मात्र खर्च गरिनेछ ।

(ख) कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(ग) कोषको रकम प्रयोग गर्दा जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिबाट पहिचान भै सिफारिस भएका कार्यहरुलाई प्राथमिकता दिइने छ।

(२) कोषमा जम्मा भएको रकम प्रदेश सरकारको खाता संचालनहुने बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३)कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) संचालक समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(५) कोषको रकम खर्च गर्दा जुनसुकैबेला आइपर्नसक्नेविपद्को अवस्थालाई आँकलन गरी आकस्मिक रुपमाखोज तथा उद्धार गर्न, राहत उपलब्ध गराउन र प्रारम्भिक पुनर्स्थापना गर्नका लागि कोषमा समितिले तोके बमोजिमको न्यूनतम रकम रहने सुनिश्चितता गर्नुपर्नेछ।

## परिच्छेद ३
## राहत वितरणसम्बन्धी व्यवस्था

५. **राहत वितरण:**(१) विपद्बाट देहाय बमोजिमको क्षतिको लागिजिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिबाट क्षतिको यकिन विवरण सहित सिफारिस भै आएमा क्षतिबाट सृजित संकटासन्नता अनुसार देहाय बमोजिम थप राहत उपलब्ध गराउन सकिनेछ ।

(क) विपद्बाट परिवारले आवासको रूपमा प्रयोग गर्दै आएको घर नष्ट भएकोमा बढीमा रू. ४०,०००।—(चालीस हजार) ।

(ख) विपद्बाट बहालमा बसेका आवास विहीन भएकाहरूलाई बढीमा रू. १०,०००।—(दश हजार) ।

(ग) विपद्मा खाद्यान्न तथा लत्ता कपडा नोक्सान भएकाहरूलाई तत्काल बन्दोवस्त मिलाउनका लागि बढीमा रू. २०,०००।— (बीस हजार) ।

(घ) विपद्मा जग्गा, जमीन र पसल वा व्यापार नोक्सान भएकाहरूलाई बढीमा रू.५०,०००।— (पचास हजार)।

(ङ) प्रकोपमा परी घाइते हुनेहरूका लागि सरकारी अस्पतालमा उपचार गराउँदा लागेको विल बमोजिमको बढीमा रू. १,००,०००।— (एकलाख) सम्मको खर्च र अस्पतालबाट घर जान लाग्ने यातायात खर्च।

(च) प्रकोपमा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने मृतकका परिवारलाई प्रति मृतक रू. १,००,०००।— (एकलाख)।

(छ) व्यापारिक प्रयोजनका उद्योग व्यवसायको क्षतिको हकमा वढीमा रू. १,००,०००।— (एकलाख) ।

(ज) कुनै व्यक्तिले प्रदेशभित्र सञ्चालित आयोजना वा व्यवसायको लागि कर्जा लिएको रहेछ भने र विपद्का कारण उक्त आयोजना वा व्यवसायमा क्षति पुगेको कारण सो

वर्ष व्याज तिर्न नसक्ने अवस्था भएमा बढीमा रू.१,००,०००।—(एक लाख) मा नबढ्ने गरी एक वर्षको व्याज ।

(झ) कुनै व्यक्तिले आफ्नो परिवारका सदस्यहरूको वा आफ्नो पेशा व्यवसाय वा खेती वा पशुधनको वीमा गराएको रहेछ भने वढीमा रू. १,००,०००।— (एकलाख) मा ननाघ्ने गरी एक वर्षको वीमा प्रिमियम।

(२) राहत उपलब्ध गराउँदा स्थानीय निकायको सिफारिस तथा नोक्सान भएको क्षतिको यकिन विवरण सहितको प्रहरीको मुचुल्का संलग्न गरेको हुनुपर्नेछ।

(३) राहतको लागि सिफारिस गर्दा घटना भएको ७ (सात) दिन भित्र सिफारिस भै सकेको हुनुपर्नेछ।

(४) माथि जे उल्लेख भएता पनि विपद्‌बाट भएको क्षतिको संकटासन्नता हेरी आकस्मिक रूपमा राहत उपलब्ध गराउनु पर्ने वा खोज तथा उद्धारमा खर्च गर्नुपर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिले यो निर्देशिकामा तोकिए बमोजिम जिल्ला विपद् व्यवस्थापन कोष वा स्थानीय विपद् व्यवस्थापन कोषबाट खर्च गरी सोधभर्ना माग गर्न सक्नेछन् ।

## परिच्छेद ४

## कोष संचालन समिति

**६. कोष संचालन समितिको गठन तथा काम, कर्तव्य र अधिकार:**(१)कोषको रकमलाई प्रभावकारी ढंगले संचालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक कोष संचालन समिति रहनेछ ।

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय — अध्यक्ष

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तोकिएका रा.प. द्वितीय श्रेणीका एकजना अधिकृत — सदस्य

(ग) प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालयका विपद् हेर्ने महाशाखा — सदस्य

(घ) शाखा अधिकृत,आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको — सदस्य

(ङ) शाखा अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालयका विपद् व्यवस्थापन शाखा — सदस्य सचिव

(२) कोष संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कोषको वार्षिक कार्ययोजना बनाई समितिमा पेश गर्ने ।

(ख) स्वीकृत कार्ययोजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने ।

(ग) कोषको खाता संचालन गर्ने व्यवस्था मिलाउने र कोषको परिचालन मितव्ययी ढंगले गर्ने ।

(घ) जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त सिफारिसको आधारमा राहत रकमको यकिन गरी तुरून्त उपलब्ध गराउने ।

(ङ) जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिबाट विपद् पूर्व तयारी, खोज तथा उद्धार र प्रारम्भिक पुनर्स्थापनासम्बन्धीप्राप्त कार्यक्रमको मूल्याङ्कन गरी समितिमा पेश गर्ने ।

(च) विभिन्न व्यावसायिक प्रतिष्ठान र संघसंस्थाहरुलाई कोषमा रकम योगदानका लागि आह्वान गर्ने ।

(छ) कोषको आय व्ययको लेखा दुरूस्त राखी मासिक विवरण तयार गर्ने ।

(ज) कोषका आय व्यय विवरण अद्यावधिक रुपमा सार्वजनिक गर्ने ।

(झ) कोषबाट भएको खर्चको लेखापरीक्षण गराउने

(ञ) कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने ।

## परिच्छेद ५

## अनुगमन समिति

**७. अनुगमन समितिको गठनः** विपद् घटनाको अवस्था, राहत वितवरण तथा कोष संचालन सम्बन्धमा अनुगमन गर्न देहाय बमोजिमको एक अनगुमन समिति रहने छ ।

| | |
|---|---|
| (क) मन्त्री, आन्तरिक मामिला तथा कानून | अध्यक्ष |
| (ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ङ) सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (च) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (छ) प्रदेशस्तरमा विपद्को कार्य गर्ने संस्थाहरू मध्येबाट अध्यक्षले तोकेका १ जना प्रतिनिधि | सदस्य |
| (ज) अध्यक्ष, नेपाल रेडक्रसका प्रदेश तहको समिति | सदस्य |
| (झ) प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालयका विपद् व्यवस्थापन हेर्ने महाशाखा | सदस्य सचिव |

**८. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विपद्को स्थलगत अनुगमन गर्ने ।

(ख) राहत वितरण र प्रारम्भिक पुनर्स्थापनाको सुपरीवेक्षण गर्ने ।

(ग) कोष संचालन सम्बन्धमा सुपरीवेक्षण गर्ने ।

(घ) जिल्ला र स्थानीय तहका विपद् व्यवस्थापन समिति तथा अनुगमन संयन्त्रहरूसँग समन्वय गर्ने ।

(ङ) आफ्नो प्रतिवेदन आवधिक रूपमा समितिमा पेश गर्ने ।

## परिच्छेद ६

## विविध

**९. कोष संचालनको प्रशासनिक खर्चः** कोष संचालन गर्दा आवश्यक पर्ने प्रशासनिक खर्च मन्त्रालयको बजेटमा व्यवस्था गरिनेछ ।

**१०. समिति/उपसमितिहरूको खर्चः**यस निर्देशिका बमोजिम गठन हुने विभिन्न समिति वा उपसमितिको बैठक सञ्चालन सम्बन्धमा लाग्ने खर्च मन्त्रालयले उपलब्ध गराउनेछ । तर, बैठक भत्ता उपलब्ध हुनेछैन ।

**११. खारेजी र बचाउः**(१) विपद्बाट भएको क्षतिको राहत वितरणसम्बन्धी मापदण्ड,२०७५ खारेज गरिएको छ ।

(२) विपद्बाट भएको क्षतिको राहत वितरण सम्बन्धी मापदण्ड, २०७५ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## व्याख्यात्मक टिप्पणी

संविधानले विपद् व्यवस्थापनलाई तीनवटै स्तरका सरकारको साझा सूचीमा राखेको छ । प्रदेशमा विपद् व्यवस्थापनको जिम्मेवारी आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई दिईएको छ । यस विषयमा नेपाल सरकारबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, सार्वजनिक भैसकेको छ । त्यस्तै नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) समेत कार्यान्वयनमा ल्याईसकेको छ ।साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५ समेत तयार भै पारित हुने क्रममा रहेको छ ।

उपरोक्त ऐनमा प्रदेश विपद् व्यवस्थापन समिति गठन हुने प्रावधान छ ।सो अनुसार प्रस्तावित नियमावलीमा प्रदेशमा देहाय बमोजिमको समिति गठन हुने व्यवस्था रहेको छ ।

**प्रदेश विपद् व्यवस्थापन समितिः** ऐनको दफा १४ को उपदफा (१) बमोजिम प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश विपद् व्यवस्थापन समिति रहने प्रस्ताव नियमावलीमा गरिएको छ ।

| | |
|---|---|
| क) मुख्यमन्त्री | अध्यक्ष |
| ख) प्रदेश सरकारका सबै मन्त्री | सदस्य |
| ग) प्रदेश संसदका प्रमुख प्रतिपक्षी दलको संसदीय दलको नेता | सदस्य |
| घ) मुख्यमन्त्रीको कार्यालयको प्रमुख सचिव | सदस्य |
| ङ) सरोकारवाला प्रदेश मन्त्रालयका सचिवहरु | सदस्य |
| च) नेपाली सेनाको सम्बन्धित प्रदेश हेर्ने प्रमुख | सदस्य |
| छ) सशस्त्र प्रहरी बल, नेपालका सम्बन्धित प्रदेश हेर्ने प्रमुख | सदस्य् |
| ज) प्रदेश प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| झ) प्रमुख,जिल्ला समन्वय समिति | सदस्य |
| ञ) विपद् व्यवस्थापन सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्ष काम | |

गरेका विज्ञहरु मध्येबाट प्रदेश विपद् व्यवस्थापन समितिले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित दुई जना — सदस्य

ट) प्राधिकरणको प्रदेशस्तरीय कार्यालयको प्रमुख — सदस्य सचिव

२) उपनियम (१) को खण्ड (त) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणको प्रदेशस्तरीय कार्यालय गठन नभएसम्मको लागि प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयको सचिवले प्रदेश विपद् व्यवस्थापन समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

त्यस्तै ऐनले प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम तोकेको छ ।

क) परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजनाको अधीनमा रही प्रदेशस्तरमा विपद् व्यवस्थापनसम्बन्धी मध्यमकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने, गराउने,

ख) विपद् पूर्वतयारीको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारिता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

ग) खोज,उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन संघ, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

घ) राहतसामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागू गर्ने, गराउने,

ङ) आपत्कालीन अवस्थामा विपद् प्रभावितको लागि अस्थायी आश्रयगृह तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने, गराउने,

च) विपद् प्रभावित क्षेत्रमा पिउनेपानी, खाद्यान्न, लत्ता कपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

छ) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,

ज) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवम् निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको अभिलेख राखी कानूनबमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

झ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा रहेका असुरक्षित भवन भत्काउन लगाउने र त्यस्तो कार्यमा स्थानीय तहलाई सहयोग गर्ने,

ञ) असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

ट) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रुपमा वितरण एवम् उपयोग गर्ने, गराउने,

ठ) प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

ड) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

ढ) विपद्का समयमा गरिएका खोज, उद्धार तथा राहत कार्य सम्बन्धी विवरण केन्द्रमा पठाउने,

ण) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम गरेका क्रियाकलापहरुका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

त्यस्तै ऐनले सरकारका तीन वटै तहमा विपद् व्यवस्थापन कोषको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ ।उक्त कोषको प्रयोग राहत वितरण लगायतका विपद् जोखिम व्यवस्थापनका सन्दर्भमा आईपर्ने कार्यहरू गर्ने प्रावधान रहेको छ ।प्रदेश सरकारबाट विपद् पीडितहरूलाई राहत वितरण गर्ने प्रयोजनका लागि गत वर्ष १ करोड र यस वर्ष ६ करोड विनियोजन भएको छ ।राहत रकम वितरणका लागि मापदण्ड तयार भएता पनि सो रकम खर्च हुन सकेको छैन ।

हाल ऐनमा कोषको व्यवस्था गर्न उल्लेख भएको हुनाले उक्त रकम समेत कोष मै रहने गरी उक्त कोषबाट नै राहत वितरण,खोज तथा उद्धारमा थप सहयोग र पूर्व तयारी जस्ता कार्यमा खर्च गर्ने व्यवस्था मिलाउन कोष संचालन निर्देशिका आवश्यक पर्ने हुँदा "प्रदेश नं. ५ विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७५" तयार गरिएको छ ।यो कोष आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट विपद्को प्रतिकार्य गर्ने कार्यका लागि प्रयोग हुनेछ ।औषधि तथा स्वास्थ्य उपचारका सम्बन्धमा सामाजिक विकास मन्त्रालयमा अलग्गै कोष रहेको छ भने जीवनयापन पूर्नलाभका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा समेत अलग्गै कोषको व्यवस्था रहेको छ। जसको लागि संभवतः मन्त्रालयगत मापदण्ड बनाई कार्यान्वयन हुनेछ ।यो कोषको लागि थप श्रोत जुटाउनका लागि विपद् व्यवस्थापन कोषले मुख्यमन्त्री राहत कोष जस्ता अन्य संरचनामार्फत रकम जुटाउन वा सहयोगका लागि आव्हान गर्न सक्ने अवस्था रहन्छ ।